तपाईंको साझा

राष्ट्रिय दैनिक

# इजलास

IJALAS DAILY



दम्पतीहरु एक अर्काबाट के चाहन्छन्...।पृ...३।।

Ganapati Bakers

वर्ष ५ ॥ अंक ६८ ॥ पृष्ठ ४ ॥ २०७८ साउन १२ गते मंगलवार ।। July 27 2021 Tuesday ।। Web : www.ijalas.com ।।मुल्य रु. ५ ।।

# झापामा ५५ वर्षमाथिका नागरिकलाई खोप लगाइदैं

**इजलास** /बिर्तामोड



झापामा आजबाट ५५ वर्ष उमेर समूहका नागरिकलाई कोरोना विरुद्धको खोप लगाइदैछ। स्वास्थ्य कार्यालय झापाले ५५ वर्ष र त्यसभन्दा माथि उमेर भएका नागरिकहरुलाई खोप लगाउने जानकारी दिएको छ।

झापाको १५ वटै स्थानीय तहका नागरिकले भेरोसेल खोप लगाउन पाउने भएका छन्। भेरोसेलको पहिलो डोज खोप लगाउन सम्पूर्ण तयारी पुरा गरिएको स्वास्थ्य कार्यालय झापाका कोभिड फोकल पर्सन जीवन चौलागाईले जानकारी दिए। उनका अनुसार जिल्लाका सबै सरकारी अस्पताल, स्वास्थ्य केन्द्र र खोप केन्द्रहरुमा सो समूहलाई खोप लगाइदैछ।

स्थानीय तहहरुले सूचना जारी गर्दै खोप लगाइने स्थान बारे जानकारी गराएका छन्। साउन १२ गतेदेखि १५ गतेसम्म भेरोसेलको पहिलो डोज खोप लगाइने बताइएको छ। त्यसपछि साउन २० बाट ५० वर्षमाथिका नागरिकलाई खोप प्रदान गरिने स्वास्थ्य कार्यालय झापाले जनाएको छ।

स्वास्थ्य कार्यालय झापाले सबै पालिकाहरुलाई परिपत्र गर्दै ५० देखि ५४ वर्ष उमेर समूहका नागरिकलाई जोन्सन एण्ड जोन्सन खोप लगाइने बताएको छ। सोही अनुसार व्यवस्था मिलाउन स्थानीय तहलाई आग्रह गरिएको छ। स्वास्थ्य कार्यालयले पत्र लेख्दै भनेको छ, ५० देखि ५४ वर्ष बाहेकका नागरिकलाई मात्र भेरोसेल खोल लगाउनु।

बिर्तामोड नगरपालिकाले सूचना जारी गर्दै खोप लगाइने स्थान सार्वजनिक गरेको छ। बिर्तामोडले विहान १० बजेदेखि ४ बजेसम्म खोप लगाइने जनाएको छ। १२ र १३ गते वडा नं. १,२ को मोहनमाया मावि रामचोक, वडा नं.३,४ को महेन्द्र रत्न मावि विर्ताबजार, वडा नं.५ को देवी मावि, वडा नं. ६ को सरस्वति मावि, वडा नं.७,८,९ को दुर्गा मावि र वडा नं. १० को महेन्द्र ज्योति माविमा खोप लगाउने कार्यक्रम तय गरिएको छ। यस्तै, प्राध्यापक, शिक्षक ,कर्मचारी, सार्वजनिक यातायातका चालक, सहचालक,विदेश जाने नेपाली नागरिकहरुका लागि १४ र १५ गते महेन्द्र रत्न मावि र देवी माविमा खोप

बाँकी अन्तिम पृष्ठमा..

# काँकरभिट्टाबाट कृषिजन्य वस्तुको निर्यात बढ्यो

**इजलास** /झापा

झापा। पूर्वी नाका काँकडभिट्टाबाट कृषिजन्य वस्तुको आयातभन्दा चार गुणा बढी निर्यात बढेको छ। क्वारेन्टिन कार्यालय काँकडभिट्टा तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७७/७८ मा रु चार अर्ब १२ करोड ३८ लाख ८९ हजारको कृषिजन्य वस्तु निर्यात भएको छ भने रु एक करोड १९ लाख ७० हजारको आयात भएको देखिन्छ।

आर्थिक वर्ष २०७६/७७ मा रु पाँच अर्ब २६ करोड चार लाख मूल्यको सामग्री निर्यात भएको थियो भने रु दुई अर्ब ९९ करोड चार लाख मूल्य बराबरको सामग्री आयात भएको कार्यालयको तथ्याङ्कले देखाएको छ। कोभिड-१९ को सङ्क्रमणकालीन अवस्थामा निर्यात बढी देखिनुमा अन्तर्राष्ट्रिय बजारमा कृषिजन्य वस्तुको मूल्य बढ्नु मुख्य रहेको कार्यालयका वरिष्ठ बाली संरक्षण अधिकृत देवेन्द्र साहुको भनाइ छ। पूर्वी नाका हुँदै भारत र बङ्गलादेशमा सबैभन्दा बढी अलैँची, अदुवा, अम्लिसो, चिया, चिराइतो, जटामसी, अमला, मजिठो, रिठ्ठा, मुसुरो दाललगायतका कृषिजन्य वस्तुको निर्यात हुने गरेको उनले बताए। उनले अलैँची, चिया, अम्रिसो र अन्य कृषिजन्य वस्तुको तुलनामा बढी निर्यात भएको जानकारी दिए।

बिर्तामोड नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा

## बिर्तामोड नगरपालिकाको फोहोरमैला बिसर्जन स्थल भाडामा लिने सम्बन्धी सूचना

मिति : २०७८/०४/१२

बिर्तामोड नगरपालिका क्षेत्रभित्र उत्पादन भई बिसर्जन गर्नुपर्ने फोहोरमैला बिसर्जनको लागि न्यूनतम २ बिगाह जग्गा आवश्यक परेको हुदाँ तपसिलको सर्तहरु अधिनमा रही फोहोर बिसर्जन स्थल उपलब्ध गराउन चाहने इच्छुक व्यक्ति वा संस्था वा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिलबन्दी निवेदन पेश गर्नहुन इच्छुक व्यक्ति, संस्था वा कम्पनीहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :

१. बिसर्जन स्थलको लागि बिर्तामोड नगरपालिका वा अर्जुनधारा नगरपालिका क्षेत्रभित्रको जग्गा हुनु पर्ने छ।
२. भाडामा उपलब्ध गराउन चाहने जग्गा न्यूनतम २ बिगाह हुनुपर्ने छ।
३. जग्गा जसको स्वामित्वमा रहेको स्वयमले निवेदन दिनुपर्ने छ। जग्गा धनी आफु उपस्थित हुन नसके मञ्जुरीनामा दिई निजको हकमा निजले तोकेको व्यक्तिले शिलबन्दी निवेदन पेश गर्न सक्ने छ।
४. शिलबन्दी निवेदनका साथमा जग्गा धनी दर्ता प्रमाणपत्रको प्रतिलिपी , नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नुपर्ने छ र प्रचलित कानुन बमोजिम तिर्ने बुझाउनु पर्ने कर बुझाएको रसिद समेत पेश गर्नुपर्ने छ।
५. निवेदन साथ आफुले कति रकममा भाडामा दिन चाहेको हो सो रकम अंक र अक्षरमा बुझिने गरी उल्लेख गरी पेश गर्नुपर्ने छ।
६. उक्त जग्गा भाडामा न्यूनतम एक वर्षको लागि उपलब्ध गराउनु पर्ने छ।

प्रमुख प्रशासकीय अधिकृत
गणेशप्रसाद दाहाल

# मेची अस्पताललाई स्वास्थ्य सामग्री प्रदान

**इजलास** /भद्रपुर

अन्तर्राष्ट्रिय गैरसरकारी सामाजिक संस्था कारितास नेपालले झापाको मेची प्रादेशिक अस्पताललाई १६ लाख रुपयौँभन्दा बढीको अत्यावश्यक स्वास्थ्य सामग्री प्रदान गरेको छ। नेपालमा दोस्रो लहरको संक्रमण फैलिएयता कारितासले मेची प्रादेशिक अस्पताललाई स्वास्थ्य सामग्री उपलब्त्र गराएको यो दोस्रोपटक हो। विभिन्न देशका कारितासहरुको आर्थिक सहयोगमा जुटाइएको स्वास्थ्य सामग्रीमा २ लाख १० हजार मूल्य बराबरको १० थान अक्सिजन सिलिण्डर, ५ लाख ८० हजार मूल्य बराबरको ४ थान अक्सिजन कन्सन्ट्रेटर, ४ लाख ९५ हजार ७८८ रुपैयाँ मूल्य बराबरको ४५० सेट पीपीई, १ लाख ३२ हजार मुल्य बराबरको १०० बट्टा सर्जिकल पञ्जा, ६४ हजार १५ रुपैयाँ मूल्य बराबरको ५१५ बट्टा सर्जिकल मास्क, ४९ हजार ९४६ रुपैयाँ मूल्य बराबरको ३४ थान अक्सिमिटर, ४५ हजार ८७ रुपैयाँ मूल्य बराबरको २१० बट्टा स्यानिटाइजर र २४ हजार ९९० रुपैयाँ मूल्य बराबरको भेन्चुरी मास्क रहेको कारितास नेपालका कर्मचारी गोविन्दराज कट्टेलले बताउनु भयो।

# बैंकिङ कसुरमा फरार कार्की पक्राउ



बिर्तामोड। बैंकिङ कसुर मुद्दाका फरार एक अभियुक्त पक्राउ परेका छन्। पक्राउ पर्नेमा दमक नगरपालिका-५ का ४७ वर्षीय विनोदकुमार कार्की रहेको जिल्ला प्रहरी कार्यालय झापाका डिएसपी राकेश थापाले जानकारी दिए।

थापाका अनुसार उच्च अदालत पाटनको २०७७ मंसिर ३० गतेको फैसलामा कार्कीलाई तीन दिन कैद र सात लाख रूपैयाँ जरिवाना र पीडित राहत कोषमा २८ हजार रूपैयाँ क्षतिपूर्ति दाखिला गर्नुपर्ने फैसला सुनाइएको थियो।

फैसला सुनाएदेखि फरार कार्कीलाई अदालत फैसला कार्यान्वयनका लागि झापाबाट खटिएको प्रहरी टोलीले आइतबार पक्राउ गरेको डिएसपी थापाले बताए। उनलाई कैद भुक्तानका लागि झापा कारागार भद्रपुर पठाउने तयारी भइरहेको प्रहरीले जनाएको छ।

अब बिना अप्रेसन सफल उपचार गर्नुपरेमा

## स्पार्क पूर्वाञ्चल अस्पताल

स्वास्थ्य जाँच तथा उपचार हुने समस्याहरु

- प्यारालाइसिस जस्तै : मुख बाङिएको, शरिरको एक भाग वा दुबै भाग नचल्ने
- ढाड,कम्मर,गर्दन दुख्ने डिस्क प्रोल्याप्स,हड्डी खिएको र नशा च्यापिएको
- बाथ, आर्थराइटिस, घुँडा जोर्नीहरु दुख्ने, युरिक एसिड बढेको
- मोटोपन, कोलेस्ट्रोल बढेको तथा उच्च रक्तचाप
- ग्यास्टाइटिस, कब्जियत, अपच, अल्सर र पाएल्स
- पिनास, एलर्जी, दम, पुरानो खोकी
- टाउको दुख्ने, माइग्रेन, मानसिक तनाब, डिप्रेसन, अनिद्रा
- सर्जरी पश्चात् चाहिने फिजियोथेरापी र रिहवाबिलिटेशन
- स्पोर्ट् इन्जुरी रिहवाबिलिटेशन



हाम्रा सेवाहरू

- काठमाडौँका विशेषज्ञ डाक्टरहरुद्धारा स्वास्थ्य परिक्षण तथा परामर्श
- अन्तरंग तथा बहिरंग सेवा,प्राकृतिक चिकित्सा
- फिजियो थेरापी (अत्याधिक इलेक्ट्रोथेरापीका संयन्त्रसहित रिह्याबिलिटेशन सेवा )
- लेजर थेरापी,अकुपंचर/अकुप्रेशर
- माबो तथा म्यानिपुलेसन थेरापी, मसाज थेरापी /स्टिम बाथ
- पञ्चकर्म, शिरोधारा तथा आयुर्वेद चिकित्सा
- योग, षटकर्म, एरोविक्स तथा स्ट्रेस म्यानेजमेन्ट
- जीवनशैली चिकित्सा,स्वास्थ्य शिविर सञ्चालन

सम्पर्क : कनकाईरोड, दूरसञ्चार पूर्व,
बिर्तामोड, झापा फोन नं.: ०२३-५३०१२३, ९८४९०९२५२५

## बिर्तामोड नगरपालिका

सामाजिक सुरक्षा परिचयपत्र
नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना




सामाजिक सुरक्षा नियमावली २०७६ (पहिलो संशोधन) को नियम ९ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले **२०७८ श्रावण १ गते देखि भाद्र मसान्तसम्ममा** सम्बन्धित वडा कार्यालयमा स्वयं उपस्थित भई अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु हुन सम्बन्धीत सबैमा सूचित गरिन्छ । बालबालिका,पूर्ण अपाङ्गता, ९० वर्षमाथी र आफै उपस्थित हुन नसक्नेको हकमा संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।

**नोट : तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।**

आवश्यक कागजातहरु

- नागरिकता प्रमाण पत्रको प्रतिलिपी
- पासपोर्ट साइजको २ प्रति फोटो
- बैंक खाता नम्बर
- बालबालिकाको हकमा जन्म दर्ताको प्रतिलिपी
- असहाय एकल महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रतिलिपी र अर्को विवाह नगरेको प्रमाण
- अपाङ्गताको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी

राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण सेवा इकाइ
बिर्तामोड नगरपालिका,झापा